केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/१९/०६७/६८ मितिः २०६७/११/०९

**सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकबाट जारी भएको "बैंक/वित्तीय संस्था संस्थापना एवं वित्तीय कारोवार गर्ने इजाजतपत्र सम्बन्धी नीतिगत एवं प्रकृयागत व्यवस्थाः २०६३" को बुँदा नं. ११.३ पछि देहायका ११.४, ११.५, ११.६ र ११.७ बुँदाहरु थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ ।

११.४ कार्यक्षेत्र विस्तार सम्बन्धी माथि उल्लिखित व्यवस्थाको अतिरिक्त निम्न व्यवस्था कायम गरिएको छ :–

(क) १ जिल्ला कार्यक्षेत्र भएका "ख" वर्गका संस्था एकपटकमा एक तह मात्र अर्थात ३ जिल्लासम्म, ३ जिल्लासम्म कार्यक्षेत्र भएका संस्था एकपटकमा एक तह मात्र अर्थात १० जिल्लासम्म र १० जिल्लासम्म कार्यक्षेत्र भएका संस्था एकपटकमा एक तह मात्र अर्थात राष्ट्रियस्तरसम्म तथा काठमाडौं उपत्यका बाहिर कार्यक्षेत्र कायम रहेका "ग" वर्गको वित्तीय संस्थाले स्थापना भएको वा कार्यक्षेत्र विस्तार गरेको ३ वर्षपछि मात्र क्रमिक रुपमा (तह ननाघ्ने गरी) थप कार्यक्षेत्र विस्तार गर्न सक्नेछन् । तर "घ" वर्गको संस्थाको हकमा क्षेत्रीयस्तरका वा १५ जिल्लासम्म सेवा विस्तार गरेका संस्थाले राष्ट्रियस्तरको कार्यक्षेत्रका लागि निवेदन दिन सक्नेछन् । एक जिल्ला कार्यक्षेत्र कायम रहेका "घ" वर्गका लघुवित्त संस्थाले स्थापनाको ३ वर्षपछि मात्र ४-१० जिल्ला वा क्षेत्रीयस्तरमा कार्यक्षेत्र विस्तार गर्नसक्ने छन् ।

उपर्युक्त व्यवस्था यसअघि निवेदन दिएका संस्थाहरुको हकमा समेत लागू हुनेछ ।

(ख) कार्यक्षेत्र विस्तारका लागि आवेदन दिने संस्थाले विद्यमान कार्यक्षेत्रभित्रका प्रत्येक जिल्लामा कम्तिमा एक-एकवटा शाखा कार्यालयहरु स्थापना गरिसकेको हुनु पर्नेछ ।

(ग) "ख" वर्गको राष्ट्रिय स्तरमा कार्यक्षेत्र विस्तार गर्ने संस्थाले New Capital Adequacy Framework पूर्ण रुपमा लागु गर्न सक्ने प्रमाण पेश गर्नु पर्नेछ ।

(घ) "घ" वर्गका इजाजतपत्रप्राप्त संस्थाको हकमा संचित नोक्सानी नरहेको अवधि कम्तिमा १ वर्ष पुगेको हुनु पर्नेछ ।

(ङ) कार्यक्षेत्र विस्तार गर्ने संस्थाले हाल कार्यरत कार्यक्षेत्रमा कम्तीमा पनि २ अर्धवार्षिक अवधिमा निरन्तररुपले इ.प्रा. निर्देशन नं. १६/०६७ बमोजिम आफूले वित्तीय स्रोत संकलन गर्न पाउने सीमाको कम्तीमा ६० प्रतिशत वित्तीय स्रोत संकलन गरेको हुनुपर्ने छ ।

(च) नेपाल राष्ट्र बैंकबाट संस्था वा संस्थाको अध्यक्ष, संचालक र कार्यकारी प्रमुख कारवाहीमा परेको भए सो कारवाही फुकुवा भएको अवधि ३ वर्ष पूरा भएको हुनुपर्ने छ ।

११.५ कार्यक्षेत्र विस्तारका लागि आवेदनसाथ निम्न कागजातहरु संलग्न हुनु पर्ने :–

(क) विद्यमान संस्थापक र संचालकहरुको विवरण ।

(ख) वित्तीय संस्थाको आगामी ५ वर्षको प्रक्षेपित वित्तीय अवस्था, व्यवसायिक रणनीति, प्राविधिक तथा व्यवस्थापन पक्ष र बजार संवेदनशीलता विश्लेषण सहितको व्यवसायिक योजना ।

(ग) वित्तीय कारोवार सन्चालनका लागि कर्पोरेट कार्यालय/मुख्य शाखा कार्यालय विद्यमान

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

कार्यक्षेत्रदेखि अन्य स्थानमा सन्चालन गर्ने भएमा सो कार्यालयको भौतिक पूर्वाधार, सूचना प्रविधि, वीमा तथा सुरक्षा व्यवस्था, घरभाडा करारनामा, प्रमुख कार्यकारी अधिकृत लगायत मुख्य कर्मचारीहरुको योग्यता अनुभव सम्बन्धी कागजात ।

(घ) कार्यक्षेत्र विस्तार भए पश्चात कायम हुने कार्यक्षेत्रलाई समेटेर तयार गरिएको कर्जा नीति, लगानी नीति, निक्षेप परिचालन नीति, वासलात बाहिरको कारोवार संचालन नीति, आन्तरिक लेखापरीक्षण नीति, गैर बैकिङ्ग सम्पत्ति व्यवस्थापन नीति, सम्पत्ति दायित्व व्यवस्थापन नीति, सूचना प्रविधि नीति र आफ्नो ग्राहक पहिचान नीति ।

(ङ) कार्यक्षेत्र विस्तार सम्बन्धमा साधारण सभाले गरेको निर्णयको प्रतिलिपि ।

११.६ कार्यक्षेत्र बिस्तारका सम्बन्धमा संस्थाको संचालक समितिसँग अन्तर्क्रिया गरी कागजात पूरा भएको ६० दिनभित्र सो सम्बन्धी प्रक्रियाको टुंगो लगाइनेछ ।

११.७ कम्तीमा १० जिल्लासम्म कार्यक्षेत्र भएको कुनै एक वित्तीय संस्थासंग अन्य "ख" वा "ग" वर्गको वित्तीय संस्था एक आपसमा गाभिई कार्यक्षेत्र राष्ट्रिय स्तरमा विस्तार गर्न चाहने संस्थालाई अर्को व्यवस्था नभएसम्म विशेष प्राथमिकता दिइनेछ ।

भवदीय,
(वासुदेव अधिकारी)
निर्देशक

<u>बोधार्थ</u> :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१०. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।